आज मिति २०७८ साल असाढ ०९ गते बुधबारका दिन बिर्तामोड नगरपालिकाको बैठक नगर प्रमुख श्री धुव कुमार शिवाकोटीज्यूको अध्यक्षतामा बसी निम्न बमोजिमको उपस्थितिले निम्न विषयमा छलफल गरी निम्न निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

नगर प्रमुख : श्री धुव कुमार शिवाकोटी

नगर उप-प्रमुख : श्री पवित्रादेवी महतारा प्रसाई

१ नं. वडा अध्यक्ष : श्री अग्नी प्रसाद पाण्डे

२ नं. वडा अध्यक्ष : श्री नगेन्द्र प्रसाद संग्रौला

३ नं. वडा अध्यक्ष : श्री भोजराज सिटौला

४ नं. वडा अध्यक्ष : श्री कुल प्रसाद संग्रौला

५ नं. वडा अध्यक्ष : श्री राजेन्द्र प्रसाद लिङ्गदेन

६ नं. वडा अध्यक्ष : श्री सुर्य प्रसाद कन्दङ्गवा

७ नं. का.वा वडा अध्यक्ष : श्री चन्द्रकला पकुवाल

८ नं.वडा अध्यक्ष : श्री अजय कार्की

९ नं. वडा अध्यक्ष : श्री पवित्रा पाठक

१० नं. वडा अध्यक्ष : श्री दुर्योधन गुरुङ्ग

कार्यपालिका सदस्य : श्री शुरेन राजवंशी

कार्यपालिका सदस्य : श्री द्रौपदि गणेश

कार्यपालिका सदस्य : श्री भागिरथा आचार्य

कार्यपालिका सदस्य : श्री निता घतानी

कार्यपालिका सदस्य : श्री गिता घिमिरे

कार्यपालिका सदस्य : श्री संगिता शिवा

सचिव : श्री गणेश प्रसाद दाहाल

निर्णय नं.१. बिर्तामोड नगरपालिका वडा नं.५ का वडा सदस्य श्री हर्कमाया वि.क केही दिन अगाडि देखी अस्वस्थ भई हाल भारतको सिलगुडी स्थित डाक्टर मलाया हस्पिटलमा पोस्ट कोभिड पछिको उपभारमा भेन्टीलेटरमा उपचारत हुनु भएकोले उहाँको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै रु १,००,०००।- स्वास्थ्य उपचार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.२. बिर्तामोड नगरपालिकाबाट आव्हान गरि सर्वाजनिक निजी साझेदारी अन्तर्गत बिर्तामोड नगरपालिकाको फोहोर व्यवस्थापन सम्बन्धी कार्य निराकार सरसफाई प्रा.लि. कागेश्वरी-८ काठमाण्डौ र बिर्तामोड नगरपालिका बीच भएको सम्झौता र बिर्तामोड नगर अस्पतालमा संचालन हुने बीमा फर्मेसीको ठेक्का प्रकृया अपारदर्शी भएको भन्ने गुनासो उजुरी सम्बन्धमा छानवि गरि प्रतिवेदन पेश गर्न निम्नानुसरको समिति गठन गर्ने निर्णय गरियो ।

१. नगर उप-प्रमुख श्री पवित्रादेवी महतारा प्रसाई- संयोजक

२. बिर्तामोड नगरपालिका वडा नं.४ का वडा अध्यक्ष श्री कुल प्रसाद संग्रौला - सदस्य

३. बिर्तामोड नगरपालिका वडा नं. २ का वडा अध्यक्ष श्री नगेन्द्र प्रसाद संग्रौला - सदस्य

क) बिर्तामोड नगरपालिका क्षेत्रको फोहोर व्यवस्थापन सम्बन्धि सार्वजनिक निजी साझेदारी तथा ठेक्का प्रकृयाको सम्बन्धमा अवलम्बन गरेको प्रकृया प्रचलित कानून बमोजिम भएनभएको विषयमा ।

ख) जनगुनासो उजुरीमा उल्लेखित विषयहरुको सम्वन्धमा ।

ग) उक्त दुवै ठेक्काको सम्वन्धमा समितिको सुझाव ।

घ) प्रचलित कानून बमोजिम ठेक्का प्रकृयामा नगरपालिकाले आगामी दिनमा अवलम्बन गर्नुपर्ने थप विषयमा राय सुझाव र सिफारिस ।

ङ) समितिले उक्त छानविन प्रकृयामा आवश्यकता अनुसार उक्त गुनासो उजुर कर्ता वा प्रतिनिधि तथा राजनैतिक दललाई आमन्त्रण गरि आवश्यक छलफल तथा सुझाव लिई सत्य तथ्य छानविन गरी प्रतिवेदन पेश गर्नु पर्ने छ ।

च) समितिले छानविनको कममा आश्यकता अनुसार विषयविज्ञलाई आमन्त्रण गरि छानविनको काममा सहयोग लिन सक्नेछ ।

छ) समितिले कार्य प्रारम्भ गरेको मितिले ७ दिन भित्र नगर प्रमुख समक्ष प्रतिवेदन पेश गर्नु पर्ने ।

निर्णय नं.३. बिर्तामोड नगरपालिकाको सातौं नगर सभा समक्ष निम्नानुसारको विधेयक पेश गर्न निर्णय गरियो ।

क) विर्तामोड नगरपालिका आर्थिक विधेयक २०७८ ।

ख) बिर्तामोड नगरपालिका विनियोजन ऐन २०७७ लाई संशोधन गर्न बनेको विधेयक २०७८ ।

ग) बिर्तामोड नगरपालिका विनियोन विधेयक २०७८ ।

**निर्णय नं.४** बिर्तामोड नगरपालिकाको आ.व. २०७७/०७८ मा सञ्चालित विभिन्न कार्यक्रम तथा योजनाहरुको म्याद समाप्त भै म्याद थपको लागि अनुरोध भै आएकोले चालु आर्थिक वर्षका योजना तथा कार्यक्रमहरु तथा अगिल्लो आ.व.मा सम्झौता भै यस आ.व.मा सम्मका लागि योजना/कार्यक्रमहरु कोभिड-१९ का कारण तोकिएको समयावधीमा सम्पन्न हुन नसकेको कारण उक्त योजना तथा कार्यक्रमहरुको म्याद २०७८ साल आषाढ ३० गतेसम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.५** बिर्तामोड नगरपालिकाले नगरपालिका र वडा कार्यालयमा रहेको व्यक्तिगत घटना दर्ताका दर्ता किताव डिजिटाईज गर्नका निमित्त मिति २०७७/०७/२३ मा श्री प्रयास प्रारम्भ प्रा.लि., बिर्तामोड-५ लाई सो कार्य सम्पादन गर्न मिति २०७७-०९-२३ सम्ममा कार्य सम्पादन सम्पन्न गर्नका लागी कार्यादेश दिईएकोमा सेवा प्रदायकले मिति २०७७/०९/१९ गते म्याद थपका लागी वाञ्छनिय कारण सहित निवेदन पेश गरेको र प्राविधिक कठिनाई साथै कोभिड १९ को दोश्रो भेरियन्ट संक्रमण बाट उत्पन्न परिस्थितीका कारण समयमा कार्य सम्पन्न हुन नसकेको हुँदा उक्त कार्य सम्पन्न गर्नका लागी सेवा प्रदायकलाई २०७८/०३/३० गते सम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं.-६ -** आ. व. ०७७/७८ मा संघीय सरकारबाट हस्तान्तरित कार्यक्रमको शहरी शासकीय क्षमता विकास कार्यक्रम (आयोजना अन्तरगतका नगरपालिकाहरुको लागि **Urban Development Grant** दिन रु. ३३२०००००, आयोजना संचालन हुने नगरपालिकाहरुमा **Design and supervision Consultant** नियुक्तिको लागि अनुदान **(Component-1)** रु. ५० लाख र कोभिड-१९ को कारण प्रभावित आर्थिक गतिविधि उकास्न नगरपालिकाबाट निर्धारित श्रममुलक कार्यक्रम गर्ने रु. २ करोड) बजेट प्राप्त भएकोमा यस नगर कार्यपालिकाको मिति २०७७ मंसिर २८ गतको निर्णयबाट उक्त बजेट खर्च गर्ने गरी विभिन्न योजना तथा कार्यक्रमहरु छनौट भई कार्यान्वयन भएकोमा उक्त बजेट विश्व बैंक अन्तरगत नेपाल शहरी शासकीय पुर्वाधार विकास कार्यक्रम **(NUIGP)** को स्रोतको रहेको र उक्त बजेटबाट उल्लेखित योजनाहरुका लागि बजेट खर्च गर्न नमिल्ने भनी **NUIGP** बाट पत्राचार भएको हुंदा उल्लेखित योजनामा खर्च भएको रु. ३,३७,७२,६८०।०० रकम नगरपालिकाको स्रोतबाट व्यहोर्ने र **NUIGP** बाट प्राप्त बजेटको खर्चलाई सोधभर्ना गर्ने निर्णय गरियो ।

**निर्णय नं.-७ -** बिर्तामोड नगरपालिका र अनिवार्य विल्डर्स प्रालि, काठमाण्डौं विच विभिन्न पुल, कल्भर्टहरु निर्माण गर्न ३ वटा प्याकेजको ठेक्का सम्झौता भएको । सम्झौता अनुसारको अवधिमा उक्त निर्माण कार्य सम्पन्न नभई अन्तिम पटक २०७७ पौष मसान्तसम्मको लागि कार्य म्याद अवधि थप गरिएकोमा उक्त अनिवार्य विल्डर्सले २०७८ बैशाख २८ गते सम्पुर्ण निर्माण कार्य सम्पन्न भएकोले विल अनुसारको रकम भुक्तानी दिई फरफारक गरी दिन यस कार्यालयमा निवेदन पेश गरे अनुसार यस कार्यालयबाट प्राविधिक टोलीले नापजांच गरी कार्य सम्पन्न/कार्य स्वीकार प्रतिवेदन, ठेक्का/मुल्याकन बिल (प्रतिवेदन) तयार गरी पेश गरेको हुंदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ को (क) अनुसार निर्माण व्यवसायीको ढिलाईको कारण खरिद सम्झौता बमोजिम काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा प्रतिदिन सम्झौता रकमको ०.०५ प्रतिशत पुर्व निर्धारित क्षतिपूर्ति लिई प्राविधिकको मुल्यांकन विलको आधारमा बाँकी रकम सम्बन्धित फर्म/निर्माण व्यवसायीलाई भुक्तानी दिन कार्यालयलाई निर्देश गर्ने निर्णय गरियो ।

**निर्णय नं.-८ -** २०७८ आषाढ १० गते हुने सातौ नगर सभामा देहायका प्रस्तावहरु पेश गर्ने निर्णय गरियो ।

क) आ. व. ०७८/७९ को कुल आय व्ययको विषयगत र वडागत बांडफांडको विवरण ।

Scanned with CamScanner

## आय विवरण

| सि. नं. | आय शिर्षक | रकम |
|---|---|---|
| १ | आन्तरिक स्रोत | १५,००,००,००० |
| २ | घर जग्गा रजिष्ट्रेशन दस्तुर (मालपोत कार्यालय) | १०,००,००,००० |
| ३ | लागत सहभागिता | १,००,००,००० |
| ४ | वित्तिय समानीकरण-संघीय सरकार | २२,४९,००,००० |
| ५ | वित्तिय समानीकरण-प्रदेश सरकार | १,३३,७२,००० |
| ६ | सशर्त अनुदान-चालु-संघीय सरकार | २९,३४,००,००० |
| ७ | सशर्त अनुदान-चालु-प्रदेश सरकार | ५०,००० |
| ८ | सशर्त अनुदान-पुंजीगत-संघीय सरकार | १३,५०,००,००० |
| ९ | राजश्व बांडफांड आय-संघीय सरकार | ११,०९,४६,००० |
| १० | राजश्व बांडफांड आय-प्रदेश सरकार | १,१७,११,५०० |
| ११ | सामाजिक सुरक्षा | २०,००,००,००० |
| १२ | समपुरक अनुदान-संघीय | २,८५,००,००० |
| १३ | समपुरक अनुदान-प्रदेश | १,००,००,००० |
| १४ | विशेष अनुदान-संघीय सरकार | १,९९,००,००० |
| | | १३०,७७,७९,५०० |

## व्यय विवरण

| सि. नं. | व्यय शिर्षक | रकम |
|---|---|---|
| १ | चालु तथा प्रशासनिक खर्च | १५,०१,१४,००० |
| २ | सवारी साधन | १०,००,००० |
| ३ | फर्निचर तथा फिक्चर्स | ४०,००,००० |
| ४ | मेशिनरी तथा औजार | २०,००,००० |
| ५ | संघीय सशर्त अनुदान चालु, पुंजीगत | ४२,८४,००,००० |
| ६ | प्रदेश सशर्त अनुदान चालु | ५०,००० |
| ७ | सामाजिक सुरक्षा खर्च | २०,००,००,००० |
| ८ | सामाजिक क्षेत्र पूंजीगत खर्च | २३,१५,५०० |
| ९ | लागत सहभागिता | १,००,००,००० |
| १० | समपुरक अनुदान-संघीय | २,८५,००,००० |
| ११ | समपुरक अनुदान-प्रदेश | १,००,००,००० |
| १२ | विशेष अनुदान | १,९९,००,००० |
| | | ८५,६२,७९,५०० |

## अन्य स्रोत विकास खर्चको बांडफांड

| | |
|---|---|
| - नगर गौरव योजना | ५,००,००,००० |
| - सडक मर्मत तथा सुधार ( इन्धन समेत ) | १,९०,००,००० |
| - मर्मत सम्भार कोष (अधुरा नाला, पेवर्स तथा सानातिना कालोपत्रे सडक स्तरोन्नती) | १,९०,००,००० |
| - समपुरक कोष (समपुरक अनुदान, सडक बोर्ड, अन्य योजना) | २,००,००,००० |
| - लागत साझेदारी योजना (६०/४०) | ४,००,००,००० |
| - बहुवर्षिय योजना ( क्रमागत ठेक्का प्रक्रियाको लागि ) | ५,००,००,००० |
| - चालु आ. व. का क्रमागत योजना | ५,००,००,००० |
| - वडागत योजना | १०,००,००,००० |
| - कृषि सम्वन्धी कार्यक्रम | १,७५,००,००० |
| - पशु विकास कार्यक्रम | ७५,००,००० |
| - शिक्षा विकास कार्यक्रम | २,५०,००,००० |
| - लक्षित विकास कार्यक्रम | |
| -- महिला विकास कार्यक्रम | ३०,००,००० |

Scanned with CamScanner

| | |
|---|---|
| -- वालवालिका विकास कार्यक्रम | १०,००,००० |
| -- दलित, आदिवासी, जनजाति, अपाङ्ग, मधेशी, मुस्लिम तथा पिछडा वर्ग र जेष्ठ नागरिक विकास कार्यक्रम | २०,००,००० |
| -- सहकारी तथा युवा उद्यम विकास कार्यक्रम | १०,००,००० |
| - स्वास्थ्य कार्यक्रम | १,००,००,००० |
| - विपन्न स्वास्थ्य वीमा कार्यक्रम | ३५,००,००० |
| - विपन्न आवास कार्यक्रम ( निरन्तरता ) | २,००,००,००० |
| - युवा तथा खेलकुद कार्यक्रम | ३०,००,००० |
| - विपद् व्यवस्थापन कोष | ६०,००,००० |
| - कोरोना संक्रमण न्यूनीकरण कार्यक्रम | ४०,००,००० |
| | ४५,१५,००,००० |

## आ. व. ०७८/७९ का लागि प्रस्तावित विषयगत क्षेत्र अनुसारको बजेट विवरण

| सि. नं. | विषयगत क्षेत्र | रकम |
|---|---|---|
| १ | भौतिक पूर्वाधार विकास समिति | ५६१४५००००।०० |
| २ | सामाजिक विकास समिति | ६२६१५५००।०० |
| ३ | आर्थिक विकास समिति | २८७५००००।०० |
| ४ | वातावरण तथा विपद् व्यवस्थापन समिति | ७५५००००।०० |
| ५ | सुशासन तथा संस्थागत विकास समिति ( प्रशासनिक खर्च समेत ) | ६४७४१४०००।०० |
| | जम्मा | १३०७७७९५००।०० |

ख) आ. व. ०७८/७९ को नीति तथा कार्यक्रम सम्वन्धी प्रस्ताव

**क) शिक्षा, युवा तथा खेलकुद**

"वालमैत्री, पूर्ण सरसफाइ एवं प्रविधिमैत्री सिकाइको सिर्जना
आचरणयुक्त तथा जीवनोपयोगी शिक्षाको परिकल्पना "

१. शिक्षा क्षेत्रको योजनावद्ध विकासका लागि शैक्षिक कानून निर्माण कार्यान्वयन गरिनेछ । शैक्षिक कानूनमा नै निर्दिष्ट विद्यालय व्यवस्थापन, वालवालिकाहरुको पहुंच तथा निरन्तरतामा जोड दिदै आधारभूत शिक्षा अनिवार्य तथा सर्वसुलभ हुने खालका शैक्षिक कार्यक्रमहरु संचालन गरिनेछन् ।

२. शिक्षा नीतिमा निर्देशित भइ अगामी आ.व.मा नगर शिक्षा योजना निर्माणको कार्य प्रारम्भ गरिनेछ । शैक्षिक गुणस्तरको प्रत्याभूतिका लागि विद्यालय अनुगमन तथा मूल्याङ्न प्रणालीलाई कानूनद्वारा विशिष्टिकृत सिकाइ सुधारका क्षेत्रमा केन्द्रित गरिनेछ ।

३. प्रारम्भिक वालशिक्षा तथा विद्यालय कर्मचारीको पारिश्रमिक नेपाल सरकारले तोके वमोजिम उपलब्ध गराइनेछ । वालविकास केन्द्रमा सामग्री सहितको सिकाइ तथा वाल शिक्षकहरुको क्षमता विकास गर्दै लगिनेछ ।

४. सामुदायिक विद्यालयको वालविकास कक्षादेखि कक्षा ५ सम्म अध्ययनरत सबै वालवालिकाहरुलाई विद्यालय पोशाकको व्यवस्था गरिनेछ । यसवाट उनीहरुको विद्यालयमा पहुंच, निरन्तरता तथा सिकाइ सुधार हुन गई गुणस्तरीय शिक्षा प्राप्तिमा सहयोग पुग्ने अपेक्षा गरीएकोछ ।

५. विद्यालयका प्रधानाध्यापक, शिक्षक तथा कर्मचारीहरुको क्षमता विकास सिकाइमा नविनतम ज्ञान, सीप, तथा प्रविधिको प्रयोग गर्न उत्प्रेरित गरिनेछ । शैक्षिक गुणस्तर अभिवृद्धिका लागि मासिक रुपमा प्रधानाध्यापक वैठक, विषयगत शिक्षकहरुको वैठक, समसामयिक तालिम, नियमित तथा सघन अनुगमन जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

६. समाजलाई स्वस्थ्य र आचरणयुक्त वनाउन विगत वर्षहरुमा कक्षा ३ देखि ६ सम्म लागु भएको आचरण तथा सचेतना शिक्षा यस शैक्षिक सत्र देखि कक्षा ८ सम्म लागू गरिनेछ ।

७. वालवालिकाहरुको पहुँच तथा निरन्तरताका लागि वृद्धि गर्न विभिन्न संघसंस्थाहरुसंगको समन्वयमा विद्यालयमा सवारी साधन व्यवस्थापन गर्न पहल गरिनेछ । विद्यालयमा पूर्ण सरसफाई, फुलवारी, वगैंचा निर्माण तथा अभिभावक सचेतना जस्ता कार्यक्रमहरु सञ्चालन गर्न विद्यालयमा रहेका वाल क्लव, जुनियर रेडक्रस, स्काउट आदिको क्षमता विकास परिचालन गरिनेछ ।

८. विर्तामोड नगरपालिका भित्रका विद्यालयहरुमा विद्यार्थीहरुलाई स्वच्छ पिउने पानी र सफा शौचालय सहारा नेपालको साझेदारीमा विद्यार्थी खाजाघर नभएका र व्यवस्थित नभएका विद्यालयमा खाजाघर निर्माण तथा मर्मत जस्ता कार्यक्रम विगत आ.व हरुमा नै सम्पन्न गरीएकाले आगामी आ.व.मा फर्निचर व्यवस्थापन, प्रविधिमैत्री कक्षाकोठा व्यवस्थापन र शैक्षिक गुणस्तर अभिवृद्धिका साथै प्रयोगशाला निर्माण, इन्टरनेटको व्यवस्था, कम्प्यूटर लगायत समाहित शिक्षा तर्फको कक्षा व्यवस्थापन तथा मर्मत सभार, एवं अपाङ्गता सम्वन्धी कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ ।

Scanned with CamScanner

९. तीन वर्ष भित्रमा नगरक्षेत्रमा शैक्षिक संस्थाहरुको भौतिक पूर्वाधार पुरा अपाङ्गमैत्री र प्रविधियुक्त विद्यालयहरु वनाइनेछन् ।

१०. वालवालिकामा अन्तरनिहित प्रतिभा तथा क्षमता प्रस्फुटन र विकासका लागि विभिन्न ३ विधामा सहजकर्ताको व्यवस्था विद्यालय खेलकुद, अतिरिक्त क्रियाकलाप तथा कक्षा ८ भन्दा माथिका वालवालिकाहरुलाई योजनावद्ध रुपमा छोटो अवधिका सीपमूलक शिक्षाका कार्यक्रम सञ्चालन गरिनेछ ।

११. सामुदायिक विद्यालयम अध्ययनरत छात्राहरुलाई निःशुल्क सेनिटरी प्याडको व्यवस्थालाई निरन्तरता दिइनेछ । यसवाट छात्राहरुको भर्ना तथा निरन्तरता दरमा वृद्धि भई सिकाइस्तरमा सुधार हुने अपेक्षा गरीएको छ ।

१२. सामुदायिक विद्यालयका वालविकास देखि कक्षा ५ सम्मका सवै वालवालिकाहरुका लागि दिवा खाजाको व्यवस्था उनीहरुको पहुँच, निरन्तरता तथा सिकाइस्तर सुधारमा जोड दिइनेछ ।

१३. कोभिड -१९ ले ल्याएको वर्तमान विपम परिवेशामा वालवालिकाहरुको वैकल्पिक सिकाइ व्यवस्थापन तथा सहजिकरण र स्वास्थ्यसँग सम्वन्धित कार्यहरु संघीय तथा प्रदेश सरकारसंग समन्वय विविध कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४. संस्थागत विद्यालयहरुले नियमानुसार उपलव्ध गराउने छात्रवृत्तिलाई विपन्न लक्षित तथा जेहेन्दार छात्रवृत्ति उपलव्ध गराउन आवश्यक व्यवस्था मिलाइनेछ ।

१५. सामुदायिक सिकाइ केन्द्रहरुलाई सेवाक्षेत्र भित्रका जनताहरुका लागि सचेतना, साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम संचालन तर्फ केन्द्रत गरिनेछ । सिकाइ केन्द्रमा कार्यरत परिचालकहरुको पारिश्रमिकमा न्यूनतम सुधार गर्न सिकाइ केन्द्रलाई निर्देशित गरिनेछ ।

१६. विर्तामोड नगर क्षेत्रलाई शिक्षाको केन्द्र (**Education hub**) को रुपमा विकशित गर्न नभत्र संचालित सामुदायिक क्याम्पसहरुको गुणस्तर सुधार गर्दै संभाव्यताका आधारमा स्नातकोत्तर तहको पठनपाठन र संचालन हुने व्यवस्था मिलाइनेछ ।

## ख) कृषि विकास

**"कृषकको समृद्धिः व्यवसायिकरण र आधुनिक प्रविधि"**

१७. **नागरीकहरुको खाद्य सुरक्षा**को प्रत्याभुति गर्न कृपिको संरक्षण र विकासले सर्वोपरी महत्व राखेको हुन्छ । हरेक नागरीकलाई प्रर्याप्त, पोपणयूक्त र गुणस्तरिय खाद्यान्नमा नियमित पहुँच पु-याउनु सरकारको कर्तव्य हो । हालको कोभिड -१९ को विपम परिस्थितिमा कृषि उत्पादनमा वृद्धि र कृषिमा रोजगारि वढोत्तरी गर्नुपर्ने आवश्यकतालाई ध्यान दिइएको छ ।

१८. **सिंचाई** कृपिको पहिलो आधार हो । नगरक्षेत्र भित्रका सम्पूर्ण कृषि योग्य जमिनलाई सिंचित गर्ने नीति अनुसार हालसम्म ५३९ वटा **साना सिंचाई कार्यक्रम** मार्फत १६१७ विगाह क्षेत्रफलमा सिंचाई सुविधा पुगेको छ । सहारा नेपाल साकोससँगको साझेदारीमा संचालित यो कार्यक्रमलाई निरन्तरता दिईने छ ।

१९. **कृषिमा यान्त्रिकिकरण** आधुनिक कृपिको आधारस्तम्भ भएको हुँदा गत वर्प भै यो कार्यक्रमलाई निरन्तरता दिइनेछ । कृपकहरुलाई मकै व्यवसायमा आकर्पीत वनाउदै परम्परागत कृपि प्रणालीमा सुधार ल्याउन मकै छोडाउने मेसिन उपलव्ध गराईने छ ।

२०. **मेयर विषादिमुक्त नगर कार्यक्रम**लाई निरन्तरता दिइनेछ । यो कार्यक्रम अन्तर्गत हालसम्म ७० जना व्यवसायिक कृपकहरु तरकारी उत्पादनमा आवद्ध भै व्यवसायिक तरकारी उत्पादन गरीरहेका छन् । यो वर्प थप ४० जना कृपकहरुमा यो कार्यक्रम विस्तार गरिनेछ । कार्यक्रममा आवद्ध कृपकहरुलाई प्लाप्टिक मल्चिङ्ग, प्लाप्टिक घर, एग्रो नेट, नर्सरी ट्रे, ग्रीन नेट, भर्मी कम्पोप्ट, जैविक विपादि र वनस्पतिक विपादि जस्ता प्रविधिहरु सहयोग गरिने छ ।

२१. **मेयर विषादिमुक्त नगर कार्यक्रममा** आवद्ध कृपकहरुद्वारा उत्पादित **विषादिरहित तरकारीकोको बजार व्यवश्थापन** गरिनेछ । विर्तामोड नगरपालिका स्थित कृपिथोक वजारमा तरकारी संकलन केन्द्र निर्माण गरी उक्त संकलन केन्द्रमा संकलन भएका तरकारीहरु वजारक्षेत्र भित्र ७ वटा तरकारी विक्री केन्द्रहरु मार्फत विक्री वितरण गरी उपभोक्ताहरुलाई सहज रुपमा उपलव्ध गराईनेछ । नगरमा दर्ता भै संचालनमा आएको नगरस्तरिय तरकारी उत्पादन तथा व्यवस्थापन समिति आफैले तरकारी उत्पादन, संकलन तथा विकि वितरण गर्ने हुँदा विचौलियाहरुको समस्यावाट उत्पादक कृपक तथा उपभोक्ताहरु दुवै मुक्त हुनेछन् ।

२२. आलु, राज्मा, तोरी, फापर, सूर्यमुखी र कच्छु गरी ६ वटा वालीहरुको वृहत र व्यवसायिक उत्पादनका लागि **एक समुह एक उत्पादन** कार्यक्रमलाई निरन्तरता दिइनेछ । वालीको चाक्लावन्दि मार्फत अधिक किसान संलग्न भै ठुलो क्षेत्रफलमा यस्ता वालि संचालन गरिने छ ।

२३. तोरी, फापर र सूर्यमुखी वालीहरुमा उत्पादन वृद्धि गर्न मौरीको महत्वपूर्ण भूमिका रहेको हुन्छ । मौरीघार विस्तार गरी वाली र महको उत्पादन वृद्धि गर्ने कार्यक्रम सञ्चालनमा प्रोत्साहन गरिने छ ।

२४. कृषिमा प्रयोगमा आएका आधुनिक प्रविधिहरु र नेपाल सरकारद्धारा उन्मोचन गरीएका उन्नत जातका विउहरुलाई कृपकहरु समक्ष विस्तार गर्न **कृषि प्रसार कार्यक्रम**लाई निरन्तरता दिइनेछ । यस कार्यक्रम अन्तर्गत कृपक समुहहरुलाई उन्नत धानको विउ वितरण, हिउँदे तथा वर्पे तरकारीका उन्नत विउ विजनहरुको वितरण, कृपकहरुको माटोको गुणस्तर सुधार गर्न कृषि चुनमा सहयोग, कृषि तालिम, कौशी तरकारी खेती तालिम, कृपक पाठशाला संचालन, आई.पी.एम. अनुशरण कार्यक्रम र आकस्मिक वाली संरक्षण जस्ता कार्यक्रमहरु संचालन गरिनेछ । यसवाट उत्पादन क्षेत्रमा कृयाशील नरहेका निष्कृय जनशक्तिलाई सकृय र उत्पादन कार्यमा अभिप्रेरित हुने अपेक्षा गरीएको छ ।

Scanned with CamScanner

२५. हालसम्म नगरपालिकामा दर्ता भएका २०० कृषक समुहहरुको व्यवस्थापकीय क्षमतामा सुधार गर्दै थप नयाँ कृषक समुह दर्तागर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२६. **व्यवसायिक कृषि नगरको उत्पादन बृद्धि** भन्ने उद्देश्यका साथ युवाहरुलाई व्यवसायिक कृषि व्यवसायमा आवद्ध गर्न आवश्यक सहयोग गरिनेछ ।

## ग) जनस्वास्थ्य

**"समृद्धिको आधार स्वस्थ्य नागरीक नै जिम्मेवार"**

२७. कोभिड-१९ को दोस्रो भेरियन्टको बढ्दो संक्रमणले अकल्पनीय संकटको छायाँमुनी त्रसित रुपमा रहेका आम नगरवासीहरुको जीवन रक्षा गर्न कोभिड विरुद्धको खोप लगाउन नेपाल सरकार एवं प्रदेश सरकार सँग आवश्यक व्यवस्थापनको लागि पहल र सहकार्य गरिनेछ । कोभिड-१९ को प्रकोपलाई रोकथाम गर्न सामाजिक/भौतिक दुरी, पूर्ण सरसफाई, क्वारेन्टीन तथा आईसोलेसन, मनोपरामर्श र सामाजिक पुनर्स्थापन जस्ता कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ ।

२८. प्रजनन तथा मातृशिशु स्वास्थ्य कार्यक्रम तथा वहुक्षेत्रीय पोषण कार्यक्रमहरु सञ्चालन गरी कुपोषित वालवालिकाहरु, गर्भवती र सुत्केरी आमाहरुको जीवन रक्षा र स्वास्थ्य सुधारलाई विशेष प्राथमिकतामा राखिनेछ ।

२९. विर्तामोड नगर अस्पताललाई आगामी आर्थिक वर्ष देखि पूर्ण क्षमतामा सञ्चालन गरिनेछ । नगर अस्पतालको लागि आवश्यक प्राविधिक जनशक्तिहरु विशेषज्ञ डाक्टर, नर्सहरुको व्यवस्था र स्वास्थ्य सामग्रीहरु डिजिटल एक्सरे, भिडियो एक्सरे, ल्यावे व्यवस्थापनको लागि आवश्यक वजेटको व्यवस्था गरीएको छ । साथै उक्त अस्पतालमा किड्नीका विरामीहरुलाई डाइलोसिस सेवाको प्रारम्भ गरिनेछ ।

३०. विर्तामोड नगर अस्पताललाई स्वास्थ्य विमा कार्यक्रमको प्राथमिक विन्दुको रुपमा सेवा विस्तार गरीएको छ । नगर भित्रका अति विपन्न एक हजार परिवारलाई छनौट गरी विपन्नहरुका लागि निःशुल्क स्वास्थ्य बीमा कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३१. नगरका सबै वडाहरुमा आफनै स्वास्थ्य केन्द्रको भवन निर्माण सम्पन्न हुनेछ साथै नगर अस्पतालमा नेपाल सरकारको लगानीमा नयाँ अस्पताल भवनको निर्माण कार्य प्रारम्भ गरिनेछ ।

३२. मेयरसँग जेष्ठ नागरीक कार्यक्रम अन्तर्गत नगर भित्रका नीजि तथा सामुदायिक अस्पतालहरुसँग समन्वय वडाहरुमा निःशुल्क विशेषज्ञ घुम्ती स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

३३. नगर भित्रका सम्पूर्ण महिलाहरुलाई सुरक्षित सुत्केरी गराउन आमा सुरक्षा कार्यक्रम लागु भएका स्वास्थ्य संस्थासम्म पुऱ्याउन आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै उपमेयरसँग गर्भवती महिला कार्यक्रम अर्न्तगत नगरका सबै गर्भवती महिलाहरुलाई ल्याव परीक्षण (**ANC** प्याकेज ) **USG** सेवा निःशुल्क गरिनेछ ।

३४. ५ वर्ष मूनिका कुपोषित वालवालिकाहरुको छनौट पोषण स्तर अभिवृद्धि गर्न **OTC** केन्द्र मार्फत पोषण लिटो वितरणलाई निरन्तरता दिईनेछ । पुर्ण खोप सुनिश्चित कार्यक्रमको दिगोपनाका लागि जन्मेदेखि १५ महिनासम्मका वालवालिकाहरुको लाईन लिस्टिङ्ग गर्नुका साथै १६ देखि २३ महिना उमेर समुहका खोपवाट छुट भएका वालवालिकाहरु समेतको पहिचान खोप लगाइनेछ । सुरक्षित खोप केन्द्र तथा गाउँघर क्लिनिकको भवन निर्माणलाई निरन्तरता दिइनेछ ।

३५. कोभिड-१९ को नियन्त्रण र व्यवस्थापनका लागि मेची आँखा अस्पतालमा स्थापना गरीएको अक्सिजन सहितको आइसोलेशन केन्द्रलाई थप व्यवस्थित र प्रभावकारी वनाउँदै लगिनेछ ।

३६. स्वास्थ्य केन्द्र, वैंक तथा वित्तिय संस्था लगायत सार्वजनिक तथा सरकारी भवन तथा स्थलहरुमा पुर्ण सरसफाई गर्ने, स्यानिटाईज्ड गर्ने तथा सामाजिक/भौतिक दुरी कायम गर्ने प्रवन्ध मिलाइनुकासाथै सचेतना अभिवृद्धिका लागि सन्देशमुलक सूचना प्रवाह गरिने छ ।

३७. नगरवासीको स्वास्थ्य उपचार तथा कोभिड-१९ को जोखिममा भएका व्यक्तिहरुलाई अस्पतालसम्म जान आउन एम्वुलेन्स सेवालाई २४ सै घण्टा परिचालन गरीएको छ ।

३८. स्वास्थ्यकर्मीहरुलाई ट्रयाकिङ्ग एण्ड ट्रेसिङ्ग, फेभर सेन्टर संचालन तथा क्वारेन्टीनहरुमा स्वास्थ्य सुविधा उपलब्ध गराउन परिचालित गरीएको छ उक्त कार्यलाई आगामि दिनमा अझ व्यवस्थित र प्रभावकारि ढंगले परिचालित गरिनेछ ।

३९. संक्रमणको जोखिममा रहेका व्यक्तिहरुको पि. सि. आर. तथा एन्टीजेन परीक्षण गर्ने कार्यलाई शीघ्र सहज र व्यवस्थित वनाउँदै लगिनेछ ।

४०. समुदायस्तरसम्म कोरोना भाईरसको संक्रमण फैलन नदिन सचेतना र स्वास्थ्य संवेदनशिल सुरक्षा विधि अपनाउन सबै खाले क्रियाकलापहरु अगाडि वढाइनेछ ।

४१. सहारा नेपालको साझेदारीमा महिलाहरुको आङ्ग खस्ने रोग र समस्याको पहिचान उपचारका लागि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

४२. नगरका गरामनी, चारपाने र अनारमनी स्वास्थ्य संस्थामा नागरीकहरुलाई विशेषज्ञ सेवा प्रदान गर्ने उद्देश्य राखी प्राईभेट र सामुदायिक अस्पतालसँगै समन्वय, सहकार्य निःशुल्क विशेषज्ञ डाक्टरको सेवा प्रदान गर्ने व्यवस्था मिलाईने छ ।

४३. नगर क्षेत्रमा रहेका नीजि, सामुदायिक अस्पताल तथा सरकारी स्वास्थ्य संस्थाहरुवाट निस्कने अस्पतालजन्य फोहोरहरुको उचित व्यवस्थापनको लागि प्राथमिकताका साथ काम गरिनेछ ।

४४. फेयर मेड फाउण्डेसन र सहारा नेपाल संगको सहकार्यमा स्वास्थ्य संस्थाहरुको स्वास्थ्य प्रणालीमा सुधार, भौतिक साधनमा सहयोग तथा स्वास्थ्यकर्मीहरुको क्षमता अभिवृद्धि सम्वन्धीकार्यक्रम **विश्वास परियोजना** कार्यान्वयन गरिने छ ।

Scanned with CamScanner

४५. नेपाल सरकार द्वारा निशुल्क रुपमा उपलब्ध गराउन सूचिकृत औषधिहरुलाई नियमित उपलब्धताको सुनिश्चित गरिने छ।

**घ) सूचना तथा संचार**

४६. विर्तामोड नगरपालिकाले विना भेदभाव समानुपातिक र सन्तुलित रुपमा संचार क्षेत्रको प्रवर्द्धन र विकास गर्न प्रारम्भ गरीएका सबै कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ। नगरबाट प्रकाशन, प्रशारण हुने पत्रपत्रिका, रेडियो, टेलिभिजन र अनलाइनहरुको विकास र प्रवर्धनका लागि वार्षिक रुपमा लोक कल्याणकारी विज्ञापन बापत अनुदान दिने कार्यक्रमलाई निरन्तरता दिइएको छ।

४७. नगरमा सूचिकृत र दर्ता भई यसै नगरमा संचालन, प्रकाशन, प्रशारण भएका मिडियाहरुको उन्नतीका लागि टेलिभिजन, दैनिक पत्रिका, साप्ताहिक पत्रिका, एफएम, अनलाइनहरुलाई सो रकम प्रदान गरिनेछ। नगरबाट संचालित संचार माध्यम र संचारकर्मीहरुलाई पुरस्कृत र सम्मानित गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४८. पत्रकारहरुको वृत्ति विकास, तालिम प्रदान गर्न र पत्रकारका संघ संगठनहरुको भौतिक तथा पूर्वाधार विकासका लागि सहयोग गरिनेछ। नगर क्षेत्रमा रहेका संचार माध्यमहरुलाई समानुपातिक तथा सन्तुलित रुपमा आवश्यक सूचनाहरु उपलब्ध गराउदै नगरलाई सूचनामैत्री नगरपालिकाको रुपमा परिचित गराईनेछ।

४९. सूचनाको हक अन्तर्गत नगरपालिकाबाट भए गरेका कार्यहरुको नागरीकले प्राप्त गर्न चाहेका सूचनाहरु प्राप्त गर्न पाउने अधिकारलाई सुनिश्चित गरिनेछ।

५०. कार्यालयबाट प्रदानहुने लोक कल्याणकारी विज्ञापनलाई प्रभावकारी र पारदशी बनाउदै लगिनेछ।

**ङ) उद्योग, वाणिज्य**

५१. विर्तामोड क्षेत्रलाई व्यापारिक केन्द्रको रुपमा विकास गर्न, व्यवसायमैत्री वातावरण निर्माण सो क्षेत्रको विकासका लागि अल्पकालिन तथा दीर्घकालिन योजना तयार गरिनेछ।

५२. विर्तामोडमा अन्तराष्ट्रियस्तरको औद्योगिक तथा व्यापारिक मेला, प्रदर्शनी तथा सभा सम्मेलनको लागि नीजि सार्वजनिक र सरकारी निकायहरु बीच समन्वय र सहकार्य गर्दै आवश्यक पर्ने जग्गाको व्यवस्थापन गर्न आवश्यक पहल कदमी लिईनेछ।

५३. विर्तामोड उद्योग वाणिज्य संघलाई विगतका वर्षमा झैं भवन निर्माण, पुर्ननिर्माणका लागि सहयोग गरिनेछ।

५४. विर्तामोड नगर क्षेत्र भित्र औद्योगिक प्रशोधन केन्द्र स्थापना गर्नका लागि उद्योग वाणिज्य महासंघसंग सम्झौता भईसकेकोले आगामी आ. व. बाट नै उक्त प्रशोधन केन्द्र स्थापनाको कार्य प्रारम्भ गरिनेछ।

५५. हालको विषम परिस्थितिमा नगर भित्रका सबै उद्योगी, व्यवसायीहरुमा परेको असरलाई नगरपालिकाको तर्फबाट आवश्यक सहयोग गर्ने तथा कर/राजश्वको दायरा भित्र नपरेका/नआएका व्यवसायी/उद्योगीहरुलाई उचित सम्बोधन गर्दै उद्योग वाणिज्य संघ, च्याम्वर अफ कमर्श तथा अन्य वस्तुगत संघ संगठनहरु संगको समन्वय र सुझावका आधारमा आवश्यक राजश्व संकलन गर्ने नीति तय लागु गरिनेछ। यस अर्न्तगत पहिलो चरणमा व्यवसाय दर्ता नवीकरण नगरेका पुराना व्यवसायीहरुलाई ०७४ साल असारसम्मको नवीकरण दस्तुर २०७८ पौषमसान्त सम्म नविकरण गर्न आएमा छुट दिइनेछ। यस अभियानमा समावेश हुन नगरपालिका सबै व्यवसायीहरुलाई विशेष अनुरोध गर्दछ।

५६. विर्तामोडको मुख्य व्यापारिक केन्द्र मुक्ति चौक पूर्व, पश्चिम, उत्तर, दक्षिण, चारपाने चौक, गरामनी चौकको सौन्दर्य वृद्धिका लागि कार्य गरिनेछ।

५७. नगर भित्रका उद्योगी व्यवसायीहरुका संस्था नगरमा दर्ता गराई व्यवसायीहरुको डिजिटल तथ्यांक संकलन प्रोफाइल निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

५८. विर्तामोड, गरामनी, सैनिक, चारपाने लगायतका हाट बजारलाई व्यवस्थित बनाई कृषकले उत्पादन गरेका वस्तुहरुको बिक्रीस्थल निर्माण गर्न पहल गरिनेछ।

**च) संस्कृति तथा पर्यटन**

५९. पर्यटन क्षेत्रको प्रवर्धन र विकासका लागि यस नगरमा रहेका ऐतिहासिक पोखरीहरुको संरक्षणको नीतिलाई निरन्तरता दिइनेछ।

६०. पोखरीको पौराणिकता र ऐतिहासिक महत्व झल्काउँदै ***पोखरीदेखि पोखरी*** अभियान चलाइनेछ। नगर क्षेत्रका मठ मन्दिरहरुको जिर्णोद्धर, सुधार र संभारका लागि कार्यहरु गरिनेछ। नगर क्षेत्रमा रहेका पर्यटकीय स्थल, वन क्षेत्रको सम्वर्धनका निम्ति समुदायमाझ जागरण अभियान संचालन ती क्षेत्रको भौतिक विकासमा योगदान गरिनेछ। नगर क्षेत्रका धार्मिक स्थलहरुको सरक्षण तथा व्यवस्थापन गर्दै धार्मिक पर्यटन विकास गरिनेछ।

६१. नगर भित्र रहेका शहीद नेत्र पार्कको गुरुयोजना अनुसार आवश्यक निर्माण तथा प्रवर्द्धनका लागि संघ तथा प्रदेश सरकारसंग आवश्यक समन्वय गरिनेछ।

**छ) सहकारी**

६२. स्थानीय सहकारी संस्थाहरुको साझेदारीमा सहकारी संस्थाका सञ्चालक, लेखा समिति र व्यवस्थापकहरुलाई लेखा र व्यवस्थापन तालिम, क्षमता विकास तथा सदस्यहरुलाई स्वरोजगार हुने गरी विभिन्न आयमूलक तथा सीपमूलक कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक बजेटको व्यवस्था गरीएको छ।

६३. सहकारीका सम्पूर्ण विवरणहरुलाई विद्युतीय माध्यम **COPOMIS** (सहकारी गरीबी निवारण व्यवस्थापन सूचना प्रणाली) मा अद्यावधिक गर्ने व्यवस्था मिलाईनेछ।

६४. कृषि सहकारी संस्थाहरुलाई वित्तिय व्यवस्थापन प्रविधि र सीप विकासमा जोड दिइनेछ तथा स्थानीयसहकारीहरुलाई एकीकरणमा जोड दिदै स्थानीयसहकारी बीच विभिन्न खालका साझेदारी कार्यक्रम सञ्चालन गरिनेछ।

Scanned with CamScanner

६५. नेपालको संविधान २०७२ ले सहकारी क्षेत्रलाई ३ खम्बे अर्थ नीतिको मूल खम्बाको रुपमा व्यवस्था गरेको हुँदा यस नगरपालिकाको योजना तर्जुमा प्रक्रियामा सहकारीहरुको सहभागितालाई सुनिश्चितता गरिनेछ । सहकारी संस्थाहरुको खराब कर्जा असुलीमा सहजीकरण गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

६६. नागरीकलाई व्यवसायिक वनाउन स्वरोजगारमुलक तालिमहरु मार्फत व्यवसाय संचालन गर्न आवश्यक पूँजी सहकारी मार्फत उपलब्ध गराउन सहकार्य गरिनेछ । उत्पादन तथा उत्पादकत्व वृद्धि कृषि र पशुपालन व्यवसायलाई मर्यादित र व्यवसायिक वनाउन सामुहिक उत्पादन, वजारीकरणका लागि नगर क्षेत्र भित्र रहेका सहकारीहरुसँग कार्ययोजना वनाई अगाडि वढिनेछ ।

**ज) न्याय**

६७. न्यायिक समितिले प्रचलित कानुन वमोजिम उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्ने विधि तथा प्रक्रियालाई स्पष्टता, एकरुपता र पारदर्शिता कायम गर्न कानूनी शासन तथा न्यायप्रतिको जनविश्वास कायम राख्न प्रचलित कानूनको पालना गर्दै न्यायिक समितिको कार्य प्रक्रियालाई थप व्यवस्थित वनाइदै लगिनेछ ।

६८. न्यायिक निरुपण कार्यमा संलग्न सबै पदाधिकारीहरु एवं कर्मचारीहरुको कार्य क्षमता र कार्य कुशलता वृद्धिका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

६९. न्यायिक समितिको कार्यविधि अनुसार हरेक वडामा रहेका मेलमिलाप केन्द्रहरुलाई सक्रिय वनाउन आवश्यक प्रवन्ध मिलाईनेछ ।

७०. वडा मेलमिलाप केन्द्रका सदस्यहरुलाई कार्यवोझको आधारमा उचित प्रोत्साहन गरिनेछ ।

**झ) पारदर्शिता, सुशासनः भ्रष्टाचार मुक्त प्रशासन**

७१. नगरपालिकाका खरिद प्रकृयालाई पारदर्शी र प्रतिस्पर्धी वनाई सुशासनयुक्त नगरपालिकाको रुपमा परिचित गराई अझ वढी जनमुखी, सेवामुखी, जनउत्तरदायी, संस्थाको रुपमा रहन प्रतिवद्ध रहनेछ ।

७२. नगरपालिका वाट प्रदान गरिने सवै प्रकारका सेवालाई सेवा मैत्रि वनाईने छ । नागरीक सहायता कक्षलाई प्रभावकारी र उत्तरदायी वनाईने छ ।

७३. सेवाग्राहीको सुविधाका लागि डिजिटलाईट नागरीक वडापत्रको व्यवस्थाको साथै सेवाग्राहीं विश्राम कक्षको व्यवस्था गरी सेवाग्राही प्रति पूर्ण उत्तरदायी वनाईने छ ।

७४. नगरपालिकावाट दिइने सवै खाले सेवा सुविधालाई डिजिटलाइज्ड र अनलाइन मार्फत गर्ने प्रवन्ध मिलाइने छ ।

७५. नगरका सवै आर्थिक क्रियाकलापहरुलाई पारदर्शी, जवाफदेही र मितव्ययी वनाईनेछ । योजना तथा कार्यक्रमहरुको प्रभावकारी अनुगमन तथा मुल्यांकन गर्न आवश्यक प्रवन्ध मिलाइनेछ ।

७६. नगरपालिकावाट भएका सवै क्रियाकलापहरुलाई हरेक चौमासिकमा सार्वजनिक गरिनेछ । नगरपालिकावाट प्रदान गरीएका सेवा र कार्यक्रमहरुको वार्षिक समिक्षा गरिनुको साथै सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण र लैंगिक उत्तरदायी वजेट परीक्षण जस्ता विधि तथा प्रक्रियाको सुनिश्चित गरिनेछ ।

७७. गत विगत वर्षमा कायम भएको वेरुजुलाई वेरुजुरहित नगरपालिका वनाउनेतर्फ वेरुजु फछ्र्यौट कार्यलाई अभियानको रुपमा संचालन गरिनेछ ।

७८. कार्यालयवाट भएका कामहरुको लेखा र लेखांकन पद्दतीमा देखिने जटिलताहरुलाई सुधार गर्दै वेरुजु नहुने ढंगले कार्यक्रम कार्यान्वयन गरिनेछ ।

७९. लेखा व्यवस्थापनलाई प्रविधिमैत्री वनाउन लेखासंग आवद्ध कर्मचारीहरुलाई लेखापालन र लेखा व्यवस्थापन सम्वन्धी तालिमको सुनिश्चितता गरिनेछ ।

८०. प्राविधिक जनशक्तिलाई प्रविधिमैत्री वनाउदै प्राविधिक तालिम प्रदान व्यवहारमुखी र उत्तरदायी वनाईनेछ ।

८१. कार्यालयमा कार्यरत कर्मचारीहरुको क्षमता विकास विना पारदर्शिता, सुशासन र सेवामैत्री सेवा प्रवाह हुन नसक्ने भएकोले सवै कर्मचारीहरुको सवै कर्मचारीहरुको क्षमता विकास गरिनेछ ।

८२. नगरपालिकामा कार्यरत सवै राष्ट्रसेवक कर्मचारीहरुको मनोवल उच्च राख्न तथा कर्मचारीहरुलाई उत्प्रेरित गर्न कार्यसम्पादन मुल्यांकनका आधारमा पुरस्कार तथा दण्ड को व्यवस्था गरिनेछ । साथै यस नगरपालिकामा कार्यरत करार तथा ज्यालादारीका कर्मचारीहरुको म्याद अवधि एक वर्षका लागि थप गरी निरन्तरता दिइनेछ ।

८३. अस्थाई र करारमा कार्यरत कर्मचारीहरुको सामाजिक सुरक्षाकालागि कानून निर्माण गरी सामाजिक सुरक्षाको प्रत्याभुति दिलाईने छ ।

**ञ) पूर्वाधार तथा शहरी विकास**

८४. नगर भित्र निर्माणधीन तथा अधुरा रहेका नाला तथा सडकमा पेवर्स लगाउने तथा कालोपत्रे गर्ने कार्यलाई प्राथमिकता दिई निमार्ण कार्य गरिनेछ ।

८५. ठेक्का प्रक्रियावाट निर्माण भईरहेका वहुवर्षीय योजनालाई आगामी आर्थिक वर्षमा सम्पन्न गर्ने गरी वजेट व्यवस्थापन गरिनेछ । साथै नगर गौरवका योजनाहरु छनौट गरी प्राथमिकतामा आधारमा संघीय तथा प्रदेश सरकारसँगको साझेदारीमा कार्यान्वयन गर्न जोड दिइनेछ ।

८६. सघन सहरी तथा भवन निर्माण आयोजना मार्फत तीनवटा सडक निर्माणको आयोजना (खालवारीबाट शुक्रराज निमावि हुदै सेन्ट जेभियर्स स्कुलवाट केरकेरुवारी हुँदै गरामनी वजार भुसावाडी जोड्ने सडक, राम चौकवाट कुमालवाडी हुदै सैनिकमोड

Scanned with CamScanner

जोड्ने सडक, पुरानो भद्रपुर रोडवाट हुलाकी मार्ग) निमार्णाधिन रहेकोमा आगामी आ. व. पनि आवश्यक वजेट विनियोजनको लागि पहल गरिनेछ ।

८७. नगर क्षेत्र भित्रका सडकहरुको स्तरोन्नती तथा नियमित मर्मत सम्भार गर्नका लागि हेभी इक्वीपमेण्टको प्रभावकारी परिचालन गर्न सम्वन्धित समितिलाई पुर्नगठन थप क्रियाशिल गराइनेछ ।

८८. नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत बुट्टावारीहुँदै प्याकुरेल चोक जोड्ने सडक निमार्णका लागि विश्व बैंक संग सम्झौता भैसकेकाले आगामी आर्थिक वर्षवाट निमार्णकार्य प्रारम्भ गरिनेछ ।

८९. नगर क्षेत्र भित्रका महत्वपूर्ण सडकहरुको विस्तृत आयोजना प्रतिवेदन (DPR) तयार गर्ने कार्यलाई निरन्तरता दिइनेछ । नगरको नगर यातायात गुरुयोजना (MTMP) तयार गर्ने कार्य अगाडि वढाइनेछ ।

९०. भुकम्पीय जोखिम न्यूनीकरण गर्न नगर क्षेत्र भित्र वन्ने नयाँ संरचनामा नेपाल सरकारले निधारंण गरे अनुसारको राष्ट्रिय भवनसंहिता (Building code) तथा "वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभूत निर्माण मापदण्ड २०७२" वमोजिम मात्र घर नक्सा पास गरिने कार्यलाई थप प्रभावकारी वनाइनेछ ।

९१. सवै प्रकारका घरहरु नक्शा पासको दायराका ल्याउनुको साथै घर नक्शा पासका सवै प्रकारका तथ्यांकहरुलाई कम्प्यूटरकृत गरी घर नक्शा सम्वन्धीतथ्याङकलाई अध्यावधिक गरी व्यवस्थित गरिनेछ ।

९२. नगरको महत्वपुर्ण सडकहरुमा ढल निर्माणका लागि ढल निर्माण सम्वन्धी गुरुयोजना तयार क्रमशः कार्यान्वयन गरिनेछ ।

९३. सवै नगरवासीलाई स्वच्छ खानेपानी उपलब्ध गराउन खानेपानीको पाईप विस्तार तथा थप पानी ट्यांकी निर्माणका लागि सम्वन्धित निकायहरुमा आवश्यक पहल गरिनेछ ।

९४. मापदण्ड विपरित र नक्सा पास नगराई वनाइएका संरचनाहरु नगरको सडक तथा ढल वनाउँदा क्षति हुन गएमा घरधनीले नै व्यहोर्नु पर्ने नीतिलाई अगाडि वढाइनेछ ।

९५. विद्युतिकरण, खानेपानी विस्तार, टेलिफोन लाईन विस्तार तथा सडक निर्माण गर्दा सम्वन्धित यी क्षेत्रहरुका निकायहरुसँग प्रभावकारी समन्वय गरेर मात्र निर्माण कार्य अगाडि वढाइनेछ ।

९६. सहारा नेपालको साझेदारीमा जेष्ठ नागरीक चौतारी तथा पूर्वाधार निर्माण समेतका आयोजनाहरु सञ्चालन गरिनेछ ।

९७. उपभोक्ता समितिहरुका पदाधिकारीहरुको क्षमता विकासका लागि आवश्यक कार्यक्रमहरु सञ्चालन गरिनेछ । सवै योजनाहरुमा उपभोक्ताहरुको सहभागितालाई सुनिश्चित गरिनेछ । शहरी वडाहरु १, ३, ४ र ५ मा नाला निमार्णको लागि उपभोक्ताहरुको ४०% लागत, पेवर्स तथा कालोपत्रेका लागि २०% लागत सहभागिता रहनेछ । अन्य वडाहरुमा निमार्णहुने सडक, तटवन्धन, कल्भर्ट, भवन, नालाहरुमा उपभोक्ताहरुकने २०% सहभागिता रहने गरी उपभमेक्ता समितिहरु परिचालन गरिनेछ ।

९८. निर्माण कार्यमा दाहोरो लगानी नहोस भन्ने उद्धेश्यले नगरपालिका क्षेत्रभित्र निर्माण हुने सवै प्रकारका पूर्वाधार निर्माण गर्दा सम्वन्धित निकायसंग समन्वय गरिनेछ ।

## <u>ट) राजश्व प्रशासन</u>

९९. नगरपालिकावाट उठाइने सम्पति कर, मालपोत वा भूमिकर, व्यवसाय कर, नक्सा पास दस्तुर लगायत सम्पूर्ण कर, दस्तुर, शुल्क तथा राजश्वको दरमा सामान्य संसोधन वाहेक साविक वमोजिक रहने कुनै फेरवदल नगर्ने नीति रहेको छ ।

१००. नगरपालिका क्षेत्र भित्र सवै भन्दा वढी सम्पति कर तथा व्यवसाय कर तिर्ने करदाता २ जनालाई उत्कृष्ट करदाताको रुपमा सम्मान गरिनेछ । व्यवसाय दर्ता तथा नवीकरण कार्यलाई उद्योग वाणिज्य संघ र च्याम्वर अफ कमर्शसँगको समन्वयमा यसलाई अभियानको रुपमा संचालन गरिनेछ ।

१०१. नगरको राजश्व अभिवृद्धि गर्न घरवहाल करलाई व्यवस्थित र प्रभावकारी ढंगवाट अगाडि वढाइनेछ । यसरी घरवहाल कर संकलन गर्दा नगरलाई व्यवसायिक क्षेत्र, आवासीय क्षेत्र र ग्रामीण कृषि क्षेत्रजस्ता क्लप्टरहरुमा विभाजन घरवहालको मुल्यांकन गरिनेछ ।

१०२. घरवहाल कर जुन वडावाट संकलन छ सोको छुट्टै अभिलेख राखी सम्वन्धित वडालाई घरवहाल करवाट प्राप्त हुने रकम प्राथमिकताका साथ विनियोजन गरिनेछ ।

१०३. विर्तामोड उद्योग वाणिज्य संघसंगको सहकार्यमा करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।

१०४. राजश्वका थप क्षेत्रको पहिचान गरी राजश्व वृद्धि गर्न राजश्व परामर्श समितिलाई थप प्रभावकारी वनाउनुको साथै राजश्व वृदिको लागि सम्भाव्यता अध्ययन गरिने छ ।

१०५. राजश्व प्रशासनमा संचालनमा आएको सफ्टवेयरको स्तरोन्नति २४ सै घण्टा संचालनको सुनिश्चितता दिदै सेवालाई प्रभावकारी वनाईनेछ ।

१०६. व्यवसायीहरुलाई कर भुक्तानीको सूचना एवम् अनलाईन सिस्टम मार्फत कर भुक्तानी गर्ने प्रणालीको अवलम्वन गरिनेछ ।

## <u>ठ) लक्षित वर्ग तथा समुदाय</u>

१०७. विगत वर्षहरुवाट शुरु गरीएको "विपन्नलाई आवास" कार्यक्रमलाई निरन्तरता दिदै आगामी आ. व. मा समेत सहारा नेपालको सहकार्यमा विपन्नहरुको लागि थप १०० वटा घर निर्माण गरिनेछ ।

१०८. अव्यवस्थित रुपमा रहेको वसोवासलाई निश्चित क्षेत्रमा घर वनाई व्यवस्थापन गर्ने कार्यको प्रारम्भ गरिनेछ ।

Scanned with CamScanner

१०९. निम्न वर्गका कृषकहरुको घरमा अनुदानमा आधारित गोवरग्यास निर्माण गर्ने अभियानलाई थप प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।

११०. *"जहाँ पर्छ अभर, त्यहाँ विर्तामोड नगर"* भन्ने नारालाई सार्थकता दिन विपन्न, दलित, आदिवासी, जनजाति, मधेशी, अल्पसंख्यक, अपाङ्ग, अशक्त, महिला तथा वालवालिकाहरुलाई नगरवाट उपलब्ध गराउने सवै किसिमको सेवा सुविधाहरुमा प्राथमिकताका साथ सहभागी गराइनेछ ।

१११. अति विपन्न, अशक्त, असहाय, दिर्घरोगीहरुलाई स्वास्थ्य उपचारका लागि एक स्वास्थ्य सहायता कोष स्थापना गरिनेछ । उक्त कोष संचालनका लागि आवश्यक कार्यविधि वनाई सहायता प्रदान गरिनेछ ।

११२. सहारा नेपालको साझेदारीमा लागु औषध दुर्व्यसन केन्द्र पुनस्थापना केन्द्र र अन्य संघ संस्थाहरुको सहयोगमा सेफ हाउस निर्माण गरिनेछ । सो सेफ हाउसमा हिंसामा परेका महिला तथा वालवालिकाहरुलाई न्याय प्राप्त गर्नवाट वन्चित अवधिसम्मका लागि राख्ने व्यवस्था मिलाइनेछ ।

११३. नगर क्षेत्रमा कार्यरत श्रमिकहरुको हितका लागि श्रमिक संचालन कार्यविधि २०७५ निर्माण लागू गरीएको छ । सो अन्तरगत श्रमिकहरुको ७ लाख वरावरको दुर्धटना वीमा गरीएको छ । श्रमिकहरुको रेकर्ड अद्यावधिक विभिन्न तालिम लगायतका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११४. वौद्धिक अपाङ्ग, शारिरिक अपाङ्ग भएकाहरुलाई पनि आत्मनिर्भर वन्न प्रेरित गर्ने र ससाना व्यवसाय र उद्यमसँग जोड्ने योजना वनाइनेछ । त्यस्ता अपाङ्गहरुका परिवारलाई मनोसामाजिक परामर्श र सकारात्मक सोच सम्वन्धी तालिम प्रदान गरिनेछ । उनीहरुलाई समुदायमा आधारित पुनस्थापना कार्यक्रम गरिनेछ ।

११५. महिला तथा वालवालिका र लक्षित वर्गको सशक्तिकरणको लागि सचेतना कार्यक्रमहरु संचालन गरिनेछ ।

११६. सवै वडाहरुमा गठन भएका टोल विकास संस्थाहरु परिचालिन सामाजिक विकृति र कुरीति उन्मुलन गर्ने अभियान संचालन गरिनेछ । साथै फोहोरमैला व्यवस्थापन, राजश्व संकलन र परिचालन र योजना तर्जुमा कार्यान्वयनमा टोल विकास संस्थाहरुसँग सहकार्य गरिनेछ ।

११७. वैदेशिक रोजगारवाट फर्किएकाहरुलाई स्वदेशमै आत्मनिर्भर वनाउन आवश्यक कार्यक्रमहरु तर्जुमा गरिनेछ ।

**ड) पशुपंक्षी बिकास**

**"उपभोक्ताको हित संरक्षण, स्वास्थ्य पशुजन्य उत्पादन र बितरण"**

**स्वस्थ्य पशु स्वस्थ उत्पादन,स्वस्थ्य जीवन हाम्रो अभियान**

११८. गाई, भैंसी, वाखा र वंगुरमा कृतिम गर्भाधान गर्ने कार्यक्रमलाई अझ व्यवस्थित र प्रभावकारी वनाउन ए.आई. मिसन कार्यक्रम संचालन गरिनेछ ।

११९. गाईमा सेक्स सिमेनको प्रयोगवाट कृतिम गर्भाधान गरी उन्नत नश्लका वाछावाछीहरुको उत्पादन गरी दुध उत्पादनमा वृद्धि गरिनेछ ।

१२०. नगर क्षेत्र भित्रका मासु पसल व्यवसायीलाई मापदण्ड भित्र मासु पसल सुधार गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१२१. नगरक्षेत्र भित्र रहेका नगर प्रमुख पकेट कार्यक्रमवाट उत्पादित खसी,वंगुर र कुखुराको स्वस्थ्य तथा व्यवस्थित मासु विक्रिका लागि फ्रेस हाउस संचालन गरिनेछ ।

१२२. नगर प्रमुख पकेट साटासाट कार्यक्रममा संलग्न कृषक, साना, मझौला र ठूलाकृषकहरुलाई स्थानीयस्तरमा दाना तथा मिनरल व्लक वनाउने तालिमको व्यवस्था गरिने छ ।

१२३. पशुधन वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि वढाइने छ ।

१२४. पशुधन वीमा कार्यक्रम अर्न्तगत कृषकले तिर्ने वीमा शुल्कमा द्छ प्रतिशत अनुदान दिने व्यवस्था मिलाइने छ ।

१२५. कार्यालयमा आउने पशुपंक्षीको आकस्मिक उपचार सेवा, वाह्य तथा आन्तरिक परजीवि विरुद्धको औषधी, पशु वन्ध्याकरण, गोवर परीक्षण, दुग्ध परीक्षण, रगत परीक्षण, वाझोपन सम्वन्धीउपचारसेवा निशुल्क प्रदान गरिने व्यवस्था मिलाइने छ ।

१२६. गत वर्ष झै संघीय तथा प्रदेश स्तरीय सरकारी निकायहरुसग समन्वय गरी महामारीजन्य रोगहररुको लागि पशु खोपको व्यवस्था गरिने छ ।

१२७. विभिन्न रोगहरुको नमुना संकलन, सर्विलेन्स नमुना सम्प्रेषण सम्वन्धित निकायमा गरिनेछ ।

१२८. नगर प्रमुख पकेटहरुवाट फिर्ता आउने वाखा तथा वंगुरहरु अर्को पकेट समुहमा वितरण गरिने छ ।

१२९. पशुपालनका लागि आहार व्यवस्थापनका लागि प्रोत्साहन गर्न हिउदे तथा वर्षे घासको विउ वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३०. पशुपंक्षीहरुमा लाग्ने महामारीजन्य रोगहरु नियन्त्रणका लागि खोपको कार्यक्रम संचालन गरिनेछ ।

१३१. रेविज रोग नियन्त्रणका लागि निशुल्क रेविज विरुद्धको खोप संचालन गरिनेछ । सामुदायिक कुकुर वन्ध्याकरण शिविर कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

१३२. पशुपंक्षी तथा मत्स्य तथ्याङ्क अध्यावधिक, औषधी पसल,डेरी पसल, मासु पसल, पशु फर्म, समुह तथा कृषि सहकारी आदिको रेकर्ड, दर्ता तथा नविकरण जस्ता कार्यलाई प्रभावकारी वनाइनेछ ।

१३३. स्वच्छ,सफा तथा संक्रमण मुक्त दुध,दुग्धजन्य पदार्थ सेवनका निम्ती कृषक तथा फर्महरुमा पालिएका दुधालु पशुहरुको दुधको नमुना संकलन,परिक्षण गरी थुनेलो रोगको पहिचान,रोकथाम र नियन्त्रणका लागि कार्यक्रम सचालन गरिने छ ।

Scanned with CamScanner

१३४. दुधालु पशुहरुमा हुने वाँझोपनको समस्यालाई पहिचान गरी उत्पादनशील वनाउन उपचार सेवामा अनुदान दिने व्यवस्था मिलाइनेछ ।

१३५. संघीय तथा प्रदेश सरकारसँगको समन्वयमा मत्स्यपालन सम्वन्धी कार्यक्रम, मत्स्य पकेट तथा साना किसानका लागि वंगुर प्रवर्द्धन पकेट कार्यक्रम संचालन गरिनेछ ।

१३६. पशु विकासका लागि सहारा नेपाल साकोस चारपानेसँगको साझेदारीमा संचालन गरिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१३७. पशुपंक्षी तथा मत्स्य विकास शाखाको समन्वयमा पशुपालनको संम्भावना रहेका सवै वडाहरुमा वडागत रुपमा संचालन हुने गरी पशु प्रवर्द्धनात्मक विकास कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

१३८. पशु आहारमा दानाको खपत कम गर्न कृषक समुहमा साइलेज मसिन प्रदान गरिएको हुदा साइलेज वनाइ खुवाउने प्रविधिको विकास गरिनेछ ।

## ढ) जिन्सी व्यवस्थापन

१३९. जिन्सी व्यवस्थापनलाई प्रभावकारी वनाईने छ ।

१४०. जिन्सी अभिलेखमा नभएका सवै प्रकारका सामानहरुलाई अभिलेखिकरण गरिने छ ।

१४१. मर्मत योग्य सवै प्रकारका जिन्सी मालसामानहरुको मर्मत संभार गरी उपयोगमा ल्याईने छ ।

१४२. मर्मत गरी उपयोगमा आउन नसक्ने मालसामानहरुको प्रचलित कानून अनुसार लिलाम विक्रीको व्यवस्था मिलाईनेछ ।

१४३. जिन्सी सामानको रेखदेख संभार र व्यवस्थापन गर्न उत्तरदायी वनाईनेछ ।

## ण) विविध

१४४. नगर क्षेत्र भित्र निर्माण हुने भौतिक संरचनालाई विपद् न्यूनीकरण गर्ने प्रकृतिका योजना तथा निर्माणलाई प्रोत्साहित गरिनेछ । आगलागी हुन नदिन तथा भई हालेमा छिटो नियन्त्रण गर्ने कार्य गर्न चालु हालतमा रहेको दमकललाई आवश्यक उपकरण तथा जनशक्ति व्यवस्थापन गर्दै लगिनेछ । हरेक वर्ष अधिक वर्षाको कारण वाढीवाट हुने क्षति न्यूनिकरण गर्न सडक नालालाई व्यवस्थित गर्दै लगिनेछ । प्राकृतिक विपदवाट हुने क्षतिलाई न्यीूनकरण गर्न अदुवा खोला नियन्त्रण लगायत विपद् व्यवस्थापनका लागि आवश्यक कार्य गरिनेछ ।

१४५. नवीकरणीय उर्जालाई प्रवर्द्धन गर्न सौर्य उर्जा तथा वायो ग्यास जडान गर्ने कार्यलाई प्रोत्साहन गरिनेछ । वातावरण सरसफाई सम्वन्धी कार्यक्रम तथा निर्माण गर्ने कार्यलाई नियमित रुपमा संचालन गरिनेछ ।

१४६. नगरपालिका भित्र रहेका सवै घरधुरी, सार्वजनिक क्षेत्र, सामाजिक संरचनाहरुको डिजिटल डाटा संकलन डिजिटल नगर प्रोफाईल तयार भईसकेको हुँदा सो को प्रभावकारी उपयोग गरी नगरपालिकाको सर्वाङ्गिण विकासको लागि आवधिक विकास योजनाको दस्तावेज तयार कार्यान्वयनमा ल्याइनेछ ।

१४७. नगर क्षेत्र भित्र रहेको सामुदायिक वन, खोला तथा सार्वजनिक स्थलहरुको तथ्याङ्क संकलन नगरको क्षेत्राधिकार भित्र ल्याइनेछ ।

१४८. कोइला तथा इटाभट्टावाट भएको प्रदुषण न्यूनीकरण गर्न आवश्यक प्रवर्द्धन मिलाइनेछ ।

१४९. नगरपालिकाको सवै सार्वजनिक ऐलानी तथा पर्ती जग्गाहरु खोज गर्ने र ती जग्गाहरुको उचित संरक्षण र व्यवस्थापन गर्न आवश्यक प्रवन्ध गरिनेछ ।

१५०. चालु आर्थिक वर्ष देखि नेपाल सरकारवाट भूमिहिन दलित , भूमिहिन सुकुम्वासि तथा अव्यवस्थित वसोवासिको व्यवस्थाकालागि भूमि सम्वन्धीसमश्या समाधान आयोग गठनभै यस नगरपालिकामा समेत कार्य प्रारम्भभै सकेको छ ।नेपाल सरकारको निति अनुरुप **भूमिहिन दलित ,भूमिहिन सुकुम्वासिको परिवारलाई एकपटकको लागि आवास तथा अव्यवस्थित सुकुम्वासिलाई आवास वा कृषि प्रयोजनका लागि जग्गा** कार्यक्रमलाई कार्यान्वयन गरिने छ ।

१५१. संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल स्थापनार्थ भएका विभिन्न संघर्ष, द्वन्द्व तथा आन्दोलनहरुमा घाईते भएका, द्वन्द्वपिडित तथा शहिदहरुका परिवारहरुको जीवनस्तर सुदृढ गर्न ती परिवारहरुलाई शिक्षा, स्वास्थ्य तथा रोजगारीको क्षेत्रमा प्राथमिकताका साथ समावेश गराईनेछ ।

Scanned with CamScanner